# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभागको
# सूचना

## प्रत्यक्ष वैदेशीक लगानी : पुँजी, ऋण, व्याज तथा लाभांस सम्बन्धी सूचना :

(मिति २०६८/१२/२१ को सार्वजनिक सूचनालाई खारेज गरी मिति २०६९/१०/९ को निर्णयानुसार जारी गरिएको)

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. बमोजिम विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्ने उक्त ऐनको दफा १०ख. बमोजिम विदेशी विनिमयमा ऋण लिने तथा उक्त ऐनको दफा १०ग. बमोजिम विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने प्रयोजनका लागि देहाय बमोजिमको कागजात पेश गरी यस बैंक समक्ष स्वीकृतिको लागी पेश गर्नुपर्ने भएकोले सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**(क) विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्ने सम्बन्धमा :**

१. विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम प्रक्रिया पूरा गरी नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट प्राप्त स्वीकृतिपत्र

२. विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न स्वीकृति प्राप्त गरेको कुरा सम्बन्धित नियमनकारी निकाय तथा सम्बन्धित व्यक्तिले यस बैंकलाई दिएका जानकारीपत्र

३. लगानी भित्र्याउने संस्थाको निर्णयको प्रतिलिपि

४. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको अद्यावधिक विवरण र प्रवन्धपत्र तथा नियममावली भए सो सम्बन्धी कागजातहरु

५. लगानी भित्र्याउने फर्म, कम्पनी वा संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात

६. विदेशी लगानीकर्ताले लगानी गर्दा कम्तिमा १ वर्ष लगानी फिर्ता नगर्ने प्रतिवद्धता पत्र[१]

७. लगानी गर्ने विदेशी फर्म/कम्पनी/संस्थाको लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण

८. लगानीको स्रोत तथा उक्त लगानी नेपाल भित्र्याउने समय तालिका (Time Schedule) उल्लेख भएको कागजात

९. अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुने ।

**(ख) विदेशी मुद्रामा ऋण लिने सम्बन्धमा :**

**(अ) फर्म,कम्पनी वा संस्थाहरुका लागि**

१. ऋण लिने फर्म/कम्पनी/संस्था र ऋण दिने फर्म/कम्पनी/संस्था वीच भएको सम्झौता ।

२. ऋण बैकिंङ्ग प्रणालीबाट प्राप्त हुने प्रतिवद्धता पत्र

३. विदेशबाटै ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात

४. सम्बन्धित फर्म/कम्पनी/संस्थाको निर्णयको प्रतिलिपि

५. ऋण लिने फर्म/कम्पनी/संस्थाको नियामक निकायको स्वीकृतिपत्र

६. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको अद्यावधिक विवरण र प्रवन्धपत्र तथा नियममावली भए सो सम्बन्धी कागजातहरु

७. ऋण लिने फर्म, कम्पनी वा संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात

८. ऋण चुक्ता गर्ने आधार खुल्ने कागजात

९. ऋण उपयोग गर्ने क्षेत्र खुल्ने कागजात

---

[१] मिति २०७०/५/२६ को निर्णयानुसार दफा ६, ७, र ८ थप भएको

१०. विनिमय जोखिमको संभावना र त्यसलाई व्यवस्थित गर्ने आधार खुल्ने कागजात

११. विदेशबाट ऋण लिन चाहने नेपाली कम्पनीहरुले विदेशबाट लिने ऋणको व्याज निर्धारण गर्दा बढीमा प्रचलित वार्षिक Libor Rate मा मनासिव प्रिमियम दर थप गरी व्याजदर कायम गरेको हुनु पर्नेछ

१२. विदेशबाट ऋण भित्र्याउन उद्योगी, व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थाले विदेशबाट लिइने भनिएको ऋण नेपालकै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुबाट आवश्यक परिमाण र व्याजदरमा लिन नसक्ने अवस्था सृजना भएको कुरा निवेदनमा विस्तृत रुपमा उल्लेख भएको हुनुपर्नेछ [२]

१३. विदेशस्थित बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गर्न कठिनाइ भएमा विदेशस्थित सम्बन्धित देशको सरकार वा केन्द्रीय बैंक वा अन्य नियामक निकायबाट कर्जा प्रवाह गर्न स्वीकृति प्राप्त गरेको वित्त कम्पनी वा वित्तीय संस्थाहरुबाट कर्जा लिनु पर्ने । त्यस्तो संस्थाहरुबाट पनि कर्जा प्राप्त गर्न कठिनाई भएमा यस बैंकले तोकेको शर्तहरुको अधीनमा रही विदेशी संस्था/कम्पनीहरुबाट पनि कर्जा लिन सक्ने तर यसरी कर्जा लिंदा कर्जा प्रदान गर्ने विदेशी संस्था/कम्पनीको लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण तथा कर्जाको स्रोत एवम् उक्त कर्जा ल्याउने तथा फिर्ता लैजाने समय तालिका (Time Schedule) उल्लेख भएको कागजात पेश गर्नु पर्नेछ[३]

१४. सबै किसिमको कर्जा लिंदाको व्याजदर अन्तर्राष्ट्रिय प्रचलित व्याजदरसँग सामञ्जस्य राख्ने किसिमको हुनुपर्नेछ[४]

१५. अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु विश्व बैंक, IFC, ADB जस्ता सदस्य भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रिय संस्थाहरुले नीजि क्षेत्रलाई प्रदान गर्ने ऋणको हकमा यस बैंकले निर्णय गरे अनुरुप हुनेछ [५]

१६. बुँदा नं. (१३) मा उल्लेखित संस्थाबाट ऋण लिंदा ऋणको व्याजदर बढीमा One Year Libor rate+upto 5.5% भित्र हुनुपर्नेछ[६]

१७. ऋण लिने स्वीकृतिको लागि निवेदन दिंदा सो ऋण प्राप्त गर्ने र तिर्ने समय तालिका (Repayment – Schedule) संलग्न हुनुपर्नेछ[७]

उपर्युक्त विवरणहरु सहित प्राप्त हुने निवेदनउपर यस बैंकले आवश्यक अध्ययन गरी उपयुक्त देखिएमा ऋण लिन स्वीकृती दिनेछ र यसरी स्वीकृती दिँदा बैंकले आवश्यक देखिएमा शर्तहरु पनि तोक्न सक्नेछ । त्यसरी तोकिएका शर्तहरु पालना गर्नु निवेदक फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ ।

**(आ) नेपाली नागरिक, फर्म तथा संस्थाहरुले विदेशबाट ऋण लिन पाउने सम्बन्धमा :** ***नेपाली नागरिक, फर्म तथा संस्थाहरुले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर आवासीय नेपाली वा संघ संस्थाबाट देहायका शर्तहरुको अधीनमा रही अमेरिकी डलर ५ लाखसम्म र भारतको हकमा ५ करोड भारतीय रुपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।[८]***

***१. निवेदकले हाल गरिरहेको वा गर्ने व्यवसायको किसिम र ऋण उपयोग गर्ने बारे स्पष्ट योजना पेश गर्नु पर्नेछ,***

***२. यस्तो ऋण विना व्याज उपलब्ध हुनु पर्नेछ,***

***३. यस्तो ऋणको भुक्तानी अवधि न्यूनतम ५ वर्षको हुनुपर्नेछ,***

---

[२] मिति २०७०/१/२३ को निर्णयानुसार बुँदा १२ थप भएको

[३] मिति २०७०।१।२३ को निर्णयलाई मिति २०७०/५/२६ को निर्णयबाट संशोधन भई कायम हुन आएको

[४] मिति २०७०/१/२३ को निर्णयानुसार बुँदा १४ थप भएको

[५] मिति २०७०/१/२३ को निर्णयानुसार बुँदा १५ थप भएको

[६] मिति २०७०।१।२३ को निर्णयलाई २०७०/५/२६ को निर्णयबाट संशोधन भई कायम हुन आएको

[७] मिति २०७०/५/२६ को निर्णयबाट थप भएको

[८] मिति २०७४/७/१३ को निर्णयानुसार संशोधन तथा अद्यावधिक गरिएको

*४. यस्तो ऋण औपचारिक (बैंकिङ्ग) माध्यमबाट आउनु पर्नेछ,*

*५. ऋणीले प्राप्त गरेको ऋण समयमै चुक्ता गर्ने आधार निवेदन साथ पेश गर्नु पर्नेछ,*

*६. प्रचलित कानुन र व्यवस्थाले निषेध गरेका क्षेत्र वा व्यवसाय बाहेकका क्षेत्रमा मात्र यस्तो ऋण लिन पाइने छ,*

*७. घरजग्गा व्यवसाय (Real Estate) र धितोपत्र कारोबारको लागि यस्तो ऋण उपयोग गर्न पाइने छैन ।*

**(ङ) नेपाली फर्म, कम्पनी, उद्योग वा अन्य संस्थाहरुले आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट विदेशी मुद्रामा ऋण लिने सम्बन्धमा[९]**

१. आफ्नै कम्पनीका विदेशी व्यक्तिगत लगानीकर्ताबाट नेपालमा ऋण लगानी गर्ने सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम प्रक्रिया पूरा गरी आफ्नो नियामक निकाय वा नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट प्राप्त स्वीकृतिपत्र ।

२. ऋण लिने फर्म/कम्पनी/उद्योग/अन्य संस्था र ऋण दिने विदेशी व्यक्तिगत लगानीकर्ता बीच भएको सम्झौता ।

३. ऋण बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने प्रतिवद्धता पत्र

४. विदेशबाटै ऋण लिनुपर्ने आवश्यकता पुष्टि हुने कागजात

५. सम्बन्धित फर्म/कम्पनी/उद्योग/अन्य संस्थाको ऋण लिने सम्बन्धी निर्णयको प्रतिलिपि ।

६. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको अद्यावधिक विवरण र प्रवन्धपत्र तथा नियममावली भए सो सम्बन्धी कागजातहरु

७. ऋण लिने फर्म/कम्पनी/उद्योग/अन्य संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणित हुने कागजात

८. ऋण चुक्ता गर्ने आधार खुल्ने कागजात

९. विनिमय जोखिमको सम्भावना र त्यसलाई व्यवस्थित गर्ने आधार खुल्ने कागजात ।

१०. कर्जा प्रदान गर्ने विदेशी व्यक्तिको लेखापरीक्षकबाट प्रमाणित आय/सम्पत्ति विवरण वा करको दायरामा रहेको प्रमाणित हुने कागजात र कर्जाको स्रोत

११. कर्जा ल्याउने तथा फिर्ता लैजाने समय तालिका (Time Schedule) उल्लेख भएको कागजात ।

१२. विदेशबाट ऋण भित्र्याउने फर्म/कम्पनी/उद्योग/अन्य संस्थाले विदेशबाट लिइने भनिएको ऋण नेपालकै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुबाट आवश्यक परिमाण र व्याजदरमा लिन नसक्ने अवस्था सृजना भएको कुरा निवेदनमा विस्तृत रुपमा उल्लेख भएको हुनुपर्ने ।

१३. विदेशी व्यक्तिगत लगानीकर्ताले प्रवाह गर्ने ऋणको हकमा नेपालमा पुँजी/शेयरमा गरेको लगानीको ६० प्रतिशत भन्दा बढी ऋण दिन नपाइने अर्थात् ***Debt/Equity Ratio*** ६०:४० भन्दा बढी हुन नहुने

१४. विदेशबाट ऋण लिन चाहने नेपाली फर्म/कम्पनी/उद्योग/अन्य संस्थाहरुले विदेशबाट लिने ऋणको व्याजदर निर्धारण गर्दा प्रचलित वार्षिक Libor Rate मा २.०० प्रतिशत भन्दा बढी प्रिमियम दर थप गर्न नपाइने ।

१५. ऋण बापतको रकम सम्बन्धित फर्म/कम्पनी/उद्योग/अन्य संस्थाको तोकिएको क्षेत्रमा नै उपयोग गर्नुपर्ने ।

१६. ऋण प्राप्त भएको ३५ दिन भित्र सोको विवरण सहित यस बैंकमा अनिवार्यरुपमा लेखाङ्कन गराउनुपर्ने ।

**(ग) विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने सम्बन्धमा :**

१. नेपालमा लगानी गर्नका लागि व्यवसायको प्रकार बमोजिमको नियमनकारी निकायबाट लिइएको स्वीकृति पत्रको प्रतिलिपि

---

[९] मिति २०७२/७/१८ को निर्णयानुसार थप भएको

२. नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी बापत विदेशी मुद्रा नेपालमा ल्याउन दिइएको स्वीकृति पत्रको प्रतिलिपि

३. पुँजी भित्रिएको प्रमाण स्वरुप विदेशी बैंक मार्फत नेपाली बैंकमा जम्मा भएको खाताको स्टेटमेण्ट वा बैंक तथा वित्तीय संस्थाद्वारा जारी गरिएको प्रमाणपत्र

४. सम्बन्धित नियमनकारी निकायबाट प्रमाणित गरेको विदेशी लगानीकर्ता (शेयर बिक्रीकर्ता) र खरीदकर्ता बीच भएको शेयर किनबेच सम्बन्धी कागजात (Sale and Purchase Agreement) को प्रतिलिपि

५. शेयर विक्री गर्ने फर्म, कम्पनी, वा संस्थाको सम्पत्ति तथा दायित्व मूल्यांकन गरी तयार गरिएको प्रतिवेदन

६. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि ।

७. अद्यावधिक कर चुक्ता गरेको विवरण

८. कम्पनी रजिष्ट्रार कार्यालयबाट प्रमाणित गरिएको शेयरधनीको अद्यावधिक लगत विवरण ।

९. खरीदकर्ता नेपाली नागरिक भएको खण्डमा निज खरीदकर्ता व्यक्ति/संस्था/कम्पनी कर्जा सूचना केन्द्रमा कालोसूचीमा नभएको प्रमाणित हुने कागजात

१०. विदेशी लगानी अन्तरगत यस बैंकको समेत स्वीकृति लिई विदेशबाट ऋण लिएका नेपाली कम्पनीहरुले विदेशमा व्याज तथा सांवा भुक्तानी पठाउनु अघि कर्जा सूचना केन्द्रबाट कालो सूचीमा नरहेको प्रमाण र नेपालका कुनै पनि बैंक तथा वित्तीय संस्थासँग भाखा नाघेको ऋण नभएको स्वघोषणापत्र ।

११. नेपाल धितोपत्र विनिमय वजार लि. मा सुचीकृत नभएका कम्पनीको हकमा कम्पनीको वासलातको सम्पत्ति र दायित्वको आधारमा कायम हुन आएको मूल्यमा Nepal Financial Reporting Standard 3: Business Consideration मा भएको व्यवस्था बमोजिम सम्पत्ति तथा दायित्वको Fair Value Amount ले हुने शेयर मूल्य [१०]

१२. प्रचलित व्यवस्था बमोजिम कुनै सरकारी निकाय, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदानबाट Capital Reserve मा गणना गरेको रहेछ भने तोकिएको कार्य सम्पन्न भएको नियामक निकायबाट प्रमाणित पत्र

१३. उपर्युक्त बमोजिम सटही सुविधाको लागि माग गर्दा यस बैंकले विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने सम्बन्धमा मिति २०६९।१०।०९ मा जारी सुचना बमोजिम तोकेको कागजातहरुका साथै प्रचलित व्यवस्था बमोजिम लाग्ने पुँजीगत लाभ कर तथा कर वुझाएको व्यहोरा सम्बन्धित आन्तरिक राजस्व विभागबाट प्रमाणित पत्र

**(घ) विदेशी मुद्रामा गरेको लगानीबाट आर्जन गरेको मुनाफा फिर्ता लैजाने सम्बन्धमा :**

१. नेपालमा लगानी गर्नका लागि व्यवसायको प्रकार बमोजिमका नियमनकारी निकायबाट लिइएको स्वीकृति पत्रको प्रतिलिपि

२. नेपाल राष्ट्र बैंकबाट विदेशी लगानी बापत विदेशी मुद्रा नेपालमा ल्याउन दिएको स्वीकृति पत्रको प्रतिलिपि

३. पुँजी भित्रिएको प्रमाण स्वरुप विदेशी बैंक मार्फत नेपाली बैंकमा जम्मा भएको खाताको स्टेटमेण्ट

४. व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि

५. लेखापरीक्षकबाट प्रमाणित भई साधारण सभा मार्फत पारित भएको व्यवसायको लेखा प्रतिवेदन तथा वार्षिक प्रतिवेदन

६. लाभांशमा नियमानुसार लाग्ने कर दाखिला गरेको निस्साको प्रतिलिपि

७. अद्यावधिक कर चुक्ता गरेको विवरण

**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

[१०] मिति २०७१/०६/८ को निर्णयनुसार दफा ११ देखि १३ सम्म थप भएको